म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २४३ सोमबार, ७ बैशाख २०८३ ने. सं. ११४६ बछलाथ्व 20 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रदेशसभा बैठक स्थगित

हेटौंडा, ६ वैशाख/ बागमती प्रदेशसभाको बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भएको छ । आइतबार बसेको बागमती प्रदेशसभाको बैठकमा २ वटा विधेयकलाई दफावार छलफलको लागि समितिमा पठाउने प्रस्ताव स्वीकृत भएसंगै उपसभामुख अप्सरा चापागाईले अर्को सूचना नभएसम्मको लागि बैठक स्थगित भएको जानकारी गराइन् । बैठकमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश खानेपानी तथा सर सफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि विषयगत समितिमा पठाउने प्रस्ताव सर्वसम्मतरूपमा पारित गरेको हो । दुवै विधेयकलाई प्रदेशसभाको अर्थ तथा विकास समितिमा पठाइएको हो । प्रदेशसभाको बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले आर्थिक कार्यविधिसम्बन्धी विधेयक विषयगत समितिमा दफावार छलफलका लागि पठाइयोस् भन्ने प्रस्ताव पेस गरेको थियो भने खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्री कृष्णकुमार तामाङले प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेस गरे ।

### वागमती प्रदेशको राजश्व प्रगति ४१ प्रतिशत

# टुक्रे योजना आर्थिक बोझमात्र: मन्त्री तामाङ

साझाकुरा संवाददाता

हेटौंडा, ६ वैशाख/ वागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको नौ महिनामा वार्षिक लक्ष्यको ४१ दशमलव ४० प्रतिशत अर्थात् २७ अर्ब ९३ करोड ३० लाख दुई हजार रूपैयाँ राजस्व सङ्कलन गरेको छ ।



घरजग्गा रजिष्ट्रेशन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व सङ्कलनको मुख्य आयश्रोत मानिन्छ । दुबै शीर्षकसहित बाँडफाँड आर्थिक वर्ष २०८२/८३ को साउनदेखि चैत महिनासम्ममा ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार रूपैयाँ राजस्व सङ्कलन हुने अनुमान गरिएकोमा लक्ष्यको ५५ दशमलव ०७ प्रतिशत अर्थात् १७ अर्ब एक करोड दुई लाख ६३ हजार रूपैयाँ राजस्व सङ्कलन भएको वागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना मन्त्रालयबाट आव २०८२/८३ मा आठ अर्ब २५ करोड रूपैयाँ अनुमान गरिएकामा पाँच अर्ब छ करोड ५२ लाख ६२ हजार रूपैयाँ राजस्व सङ्कलन गरेको छ ।

प्रदेश सरकारले बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार रूपैयाँ प्राप्त हुने अनुमान गरिएकामा सो अवधिसम्ममा पाँच अर्ब ६९ करोड छ लाख ७२ हजार रूपैयाँ सङ्कलन भएको छ । अन्तशुल्क कर बापत चार अर्ब तीन करोड ७९ लाख नौ हजार रूपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा एक अर्ब ९९ करोड १५ लाख ५६ हजार रूपैयाँ प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी संघीय सरकार बाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत् १४ अर्ब ८१ करोड ९३ लाख रूपैयाँ प्राप्त हुने अनुमान गरिएकामा नौ महिनामा त्यसको ५३ दशमलव ६० प्रतिशत अर्थात् सात अर्ब ९४ करोड २७ लाख ५६ हजार रूपैयाँ प्राप्त भएको अधिकृत सञ्ज्यालले बताए ।

चालु आर्थिक वर्षमा प्रदेश सरकारको आन्तरिक स्रोतबाट सङ्कलित राजस्वबाट चार अर्ब ७७ करोड ७४ लाख २५ हजार रूपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा नौ महिनामा लक्ष्यको ५९ दशमलव ८३ प्रतिशत अर्थात् दुई अर्ब ८५ करोड ८१ लाख ५६ हजार रूपैयाँ प्राप्त भएको मन्त्रालयले जनाएको छ । आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेजनी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व सङ्कलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायत कारण अपेक्षाकृत राजस्व सङ्कलन हुन नसकेको जनाइएको छ ।

**साना र टुक्रे योजनाको कार्यान्वयनको प्रतिफल शुन्य: मन्त्री तामाङ**

बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले साना र टुक्रे योजनाको कार्यान्वयनको विगतको अवस्थाले प्रतिफल शून्य देखाएको बताए ।

आइतबार बसेको प्रदेशसभाको बैठकमा बोल्दै मन्त्री तामाङले प्रदेशको विकासका लागि वितरणमुखी नभई प्रतिफलमुखी बजेट आवश्यक रहेकोमा जोड दिए । मन्त्री तामाङले १० लाख रुपैयाँका टुक्रे योजनाहरूले प्रदेशलाई आर्थिक बोझमात्र थपेको बताएका छन् । आर्थिक कार्यविधि ऐन २०७४ को अधिकार प्रयोग गरी बजेट परिमार्जन गरिएको उनको भनाइ छ ।

२०८२ भदौ २३ र २४ गतेको आन्दोलनबाट भएको भौतिक क्षतिको पुनर्निर्माण र सिर्जना भएका पूँजीगत दायित्वहरू भुक्तानीका लागि स्रोत व्यवस्थापन गर्न १० देखि ५० प्रतिशतसम्म बजेट कटौती गर्नुपरेको उनले बताए ।

मन्त्री तामाङले ३७ वटा बजेट शीर्षक मध्ये २० वटामा प्राविधिक एवम् इन्ट्री त्रुटि भएको सभासमक्ष स्वीकार गरे । मन्त्री तामाङले प्रदेशमा १० लाखमुनिका योजनाहरूको संख्या एकहजार चार सयभन्दा बढी रहेको र तिनले ५४ अर्बको दायित्व सिर्जना गरेको बताए ।

टुक्रे बजेटले प्रतिफल नदिने भएकाले १० लाखमुनिका १० अर्ब बराबरका योजनाहरू खारेज गरेर प्रत्येक जिल्लामा एक-एक अर्बका ठूला आयोजना चलाउनुपर्ने उनको भनाइ छ ।

'एकलाख रुपैयाँ काट्नुपर्ने ठाउँमा कर्मचारीबाट एकसयलाई एकहजार इन्ट्री हुँदा १० लाख नै काटिन पुगेको देखियो । मन्त्रीको हैसियतले यसको जिम्मा म लिन्छु र यस्ता त्रुटिहरू सच्याइनेछु ।' उनले भने, 'एउटा खानेपानी योजना सक्न ६ करोड लाग्छ तर, हामी वर्षको १० लाखमात्र हाल्छौँ । यसरी त योजना सक्न एकसय वर्ष लाग्छ।'

मन्त्री तामाङले प्रदेश सरकारको खर्च न्यूनीकरण गर्न प्रशासनिक पुनर्संरचनाको प्रतिवेदन तयार भइसकेको बताए । मन्त्रालयको संख्या घटाउने, सेवा केन्द्रहरू परिमार्जन गर्ने र कर्मचारी कटौती गरी प्रशासनिक बोझ कम गर्ने योजना यसै हप्ता सार्वजनिक गरिने उनले बताए ।

# क्षतिग्रस्त भवनहरु पुरानै अवस्थामा फर्किएको मन्त्री देवकोटाको दाबी

साझाकुरा संवाददाता



हेटौंडा, ६ वैशाख/ वागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको क्रममा क्षतिग्रस्त संरचनाहरु पुरानै अवस्थामा फर्केको दाबी गरेका छन् ।

क्षतिग्रस्त भएका सरकारी कार्यालयहरूको पुनर्निर्माण कार्य सकेर हस्तान्तरणको तयारीमा सरकार रहेको उनले बताए । आइतबार प्रदेशसभाको बैठकमा सम्बोधन गर्दै मन्त्री डा. देवकोटाले क्षतिग्रस्त अधिकांश मन्त्रालय र सरकारी आवासहरू पुरानै अवस्थामा फर्किएको र हस्तान्तरणको अन्तिम चरणमा रहेको बताए ।

जेनजी आन्दोलनका क्रममा हेटौँडामा रहेका भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी तथा सिँचाई मन्त्रालय, कृषि तथा पशु विकास मन्त्रालय र श्रम रोजगार तथा यातायात मन्त्रालयका भवनमा ठूलो क्षति पुगेको थियो । उक्त भवन मर्मतपछि पुरानै अवस्थामा फर्काउन सफल भएको उनले बताए ।

'जेनजी आन्दोलनले क्षति पुगेको ५ मन्त्रालय रहेको भवनको पुनर्निर्माण कार्य सम्पन्न गरिसकेको छ । केही दिनमा नै हामी सो भवन हस्तान्तरण गर्नेछौँ । कर्मचारीहरू पुरानै बिल्डिङमा सरेर कार्यसम्पादन गर्नेछन् ।' उनले भने, 'कम अवधिमा पनि हामीले विज्ञहरूको सल्लाह र इन्जिनियरिङका आधारमा पुनर्निर्माण गरिएको छ । मन्त्रालयले इन्जिनियरिङका विज्ञहरू परिचालन गरी भवनका डन्डीहरू कति तापक्रममा पग्लिएका छन् र संरचना कति सुरक्षित छ भन्ने प्राविधिक अध्ययनसमेत गरेको उनले बताए ।

प्रदेशका प्रमुख सचिवको निवास, बागमती प्रदेशसभा सचिवालय र सहकारी तथा गरिबी निवारण मन्त्रालयका भवनहरूको मर्मत कार्य पनि निर्माण व्यवसायीले अन्तिम चरणमा पुऱ्याएका उनले बताए ।

अर्थ मन्त्रालयबाट प्राप्त छ करोड ४३ लाख रुपैयाँको विशेष बजेटमार्फत् टेन्डर आह्वान गरी सो संरचनाहरूको मर्मत गरिएको मन्त्री डा. देवकोटाले बताए ।

विज्ञहरूको प्रतिवेदनका आधारमा आगामी दिनमा बाँकी संरचनाहरूको पुनर्निर्माणका लागि ८३ करोड २० लाख रुपैयाँको बजेट अनुमान गरिएको उनको भनाइ छ ।

मन्त्री डा. देवकोटाका अनुसार आन्दोलनका क्रममा एक अर्ब ३५ करोड ३४ लाख ९२ हजार रुपैयाँको क्षति भएको थियो । जसमा भवनतर्फ ५८ करोड १५ लाख रुपैयाँ र २४ करोड ७८ लाख रुपैयाँ (एकसय ४३ वटा मोटरसाइकल र ५६ वटा चार पांग्रे गाडीमा क्षति) र जिन्सी सामानहरूमा २७ करोड ३५ लाख रुपैयाँ क्षति भएको उनले बताए ।

मन्त्री डा. देवकोटाले प्रदेशका कुनैपनि योजनामा बजेट नकाटिएको बताए । मन्त्रालयले विनियोजित बजेट कार्यक्रममा देखिएको फेरबदल प्राविधिक संशोधन मात्र भएको उनले बताए ।

मन्त्री डा. देवकोटाका अनुसार मन्त्रालयका लागि सुरुमा २४ अर्ब ८० करोड १९ लाख रुपैयाँ विनियोजन गरिएको थियो । तर, एउटै योजना पटक-पटक प्रविष्ट भएको (डुप्लिकेसन) र अन्य मन्त्रालयसँग सम्बन्धित कार्यक्रमहरू परेकाले सच्याउँदा हाल २२ अर्ब ३७ करोड रुपैयाँ कायम भएको उनले बताए ।

निर्माण व्यवसायीको दायित्व भुक्तानीका लागि आवश्यक ४ अर्ब बजेटमध्ये अर्थ मन्त्रालयबाट एक अर्ब रुपैयाँ प्राप्त भएको उनले बताए । उनले प्रदेशका ४३ वटा रुग्ण (अलपत्र) ठेक्कामध्ये ३४ वटामा काम सुचारु भइसकेको र बाँकी ९ वटाका लागि कार्यदल बनाएर समाधान खोज्ने काम भइरहेको बताए ।

वर्षायाममा हुने सडक अवरोध हटाउन १३ वटै जिल्लामा 'डिजास्टर क्विक रेस्पोन्स टिम' गठन गर्ने काम भइरहेको उनको भनाइ छ । सडकहरू निर्माणमा जलवायु अनुकूलित हुने र सडकलाई ग्रिन इकोनोमीसँग जोडिने गरी योजना अघि बढाएको उनले बताए ।

# हेटौँडामा सम्झिइयो पारिजात



साझाकुरा संवाददाता

हेटौँडा, ६ वैशाख/ साहित्यकार पारिजातको स्मृति दिवसको अवसरमा हेटौँडा-१०, बसपार्कमा रहेको पारिजातको प्रतिमामा माल्यार्पण गरिएको छ ।

साहित्य संगम मकवानपुर तथा हेटौँडा-१० स्थित आदर्श टोल विकास संस्थाको संयुक्त आयोजनामा भएको कार्यक्रममा हेटौँडा उपमहानगरपालिका वडा नम्बर १० का अध्यक्ष फुर्वादोर्जे लामाले माल्यार्पण गरेका हुन् ।

कार्यक्रममा साहित्यकार सुवास सजलले पारिजातका प्रतिनिधि कविताहरु वाचन गरेका थिए । कार्यक्रमका सहभागीले नेपाली साहित्यमा पारिजातको योगदानको चर्चा गरेका थिए । साहित्य संगम मकवानपुरका उपाध्यक्ष मनोज पोखरेलको सभाध्यक्षतामा भएको कार्यक्रममा साहित्यकारहरु एवम् साहित्यप्रेमीको उपस्थिति थियो ।

नेपाली साहित्यमा पारिजात नामले परिचित विष्णुकुमारी वाइबाको जन्म १९९४ सालमा दार्जिलिङमा भएको थियो । भारतमा जन्मिए पनि पढाइ तथा साहित्यमा मलजल गर्ने काम २०११ सालमा नेपाल आएपछि सुरु भयो । पारिजातले काठमाडौंको पद्मकन्या क्याम्पसबाट स्नातक तहसम्म अध्ययन पूरा गरिन् । उनको *शिरिषको फूल* सबैभन्दा चर्चित उपन्यास हो । यस कृतिका लागि पारिजातले २०२२ सालमा मदन पुरस्कार जित्दै पहिलोपटक मदन पुरस्कार जित्ने महिला साहित्यकारको पहिचान बनाएकी थिइन् ।

यतिमात्र नभएर यस उपन्यास विभिन्न भाषामा अनुवाद गरी विश्वका विभिन्न विश्व विद्यालयहरुमा पठनपाठनमा समेत समावेश गरिएको छ । पारिजातले उपन्यासबाहेक कविता, कथा, जीवनी तथा संस्मरणसमेत प्रकाशन गरेकी छिन् । विभिन्न विधामा एकैसाथ कलम चलाउनुभएकी पारिजातको २०५० बैशाख ५ गते निधन भएको थियो ।

# दामनमा युवा नेतृत्व प्रशिक्षण सुरु



साझाकुरा संवाददाता

हेटौँडा, ६ वैशाख/ 'आरोग्य थाहा नगर' निर्माण गर्ने उद्देश्यसहित द आर्ट अफ लिभिङको आयोजना तथा थाहा नगरपालिका र इलाका प्रहरी कार्यालय पालुङको सहकार्यमा दामनस्थित गौरीशंकर होटलमा एक हप्ते युवा नेतृत्व प्रशिक्षण कार्यक्रम सुरु भएको छ ।

आध्यात्मिकता र व्यावहारिक ज्ञानको समन्वयमार्फत् युवाहरूलाई आफ्नो जीवन र समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्षम बनाउने उद्देश्यले ८ दिने आवासीय प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको आयोजकले जनाएको छ । कार्यक्रममा ४० जना युवाहरूको सहभागिता छ ।

प्रशिक्षणमा द आर्ट अफ लिभिङका ब्रह्मचारी श्रीचैतन्य जीसहित प्रशिक्षकहरू दमयन्ती रायमाझी, डा. आस्था पुडासैनी र उदय खड्गीले ध्यान, योग, श्वास प्रश्वास तथा जीवन कौशल सम्बन्धी व्यावहारिक ज्ञान प्रदान गर्नेछन् ।

कार्यक्रमको उद्घाटन गर्दै थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले पछिल्लो समय बढ्दो मानसिक तनाव र असन्तुलित जीवनशैलीका कारण समाजमा मानसिक समस्या तीव्र रूपमा बढ्दै गएको उल्लेख गरे । उनले 'जीवन जिउने कला' सम्बन्धी प्रशिक्षण हरेक नागरिकका लागि आवश्यक भएको बताए ।

'आत्मिक शान्ति, सकारात्मक सोच र जीवनप्रति सन्तुलित दृष्टिकोण विकास गर्न यस्तो प्रशिक्षण अत्यन्त महत्वपूर्ण छ', उनले भने, 'यस प्रकारका कार्यक्रमले 'आरोग्य थाहा नगर' अभियानलाई थप सशक्त बनाउनेछ ।'

द आर्ट अफ लिभिङका श्रीचैतन्य जीले ध्यान, योग र श्वासप्रश्वाससम्बन्धी अभ्यास मार्फत् मानव जीवनमा देखिएको तनाव घटाई समाजमा सकारात्मकता र मुस्कान फैलाउने लक्ष्य रहेको बताए ।

त्यसैगरी, थाहा नगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकालले समाजमा संस्कार र संस्कृतिको क्षयीकरण भइरहेका बेला आर्ट अफ लिभिङ जस्ता संस्थाको भूमिका महत्वपूर्ण हुने धारणा राखे ।

कार्यक्रममा थाहा नगर पालिका वडा नं. ४ का अध्यक्ष नारायण लामा, ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख रुक्सा बज्राचार्य, सञ्चारकर्मी शम्भु अधिकारी लगायतको उपस्थिति थियो ।



साझाकुरा

हाम्रो कुरा

## हुलाक कार्यालयको सक्रियता
# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पार्सल डेलिभरी सहज होस्

पछिल्लो केहि दिनयता जिल्ला हुलाक कार्यालय मकवानपुरले गरेको कामको चर्चा सञ्चारमाध्यममा आउन थालेका छन् । कार्यालयले जिल्ला प्रशासन कार्यालयले कार्यालयबाट सजिलै वितरण गर्नुपर्ने राहदानी (पासपोर्ट) सेवाग्राहीको घरघरमै पुऱ्याएको भएर सञ्चारमाध्यममा छाएको देखिन्छ । वैशाख ४ गते शुक्रबारसम्म ७६ वटा राहदानी (पासपोर्ट) सेवाग्राहीको घरमै पुगेर वितरण गरेपछि बल्ल हुलाको काम देखिएको छ । कुनैबेला घरघरमा साइकल लिएर चिठ्ठीपत्र पुऱ्याएर जनताको सूचना आदानप्रदान गर्ने कार्यालयलाई पछिल्लो समय हुलाक बचत, पत्रपत्रिकाहरुको लोक कल्याणकारी विज्ञापनको पैसा बाँड्ने कार्यालयको रुपमा सीमित गरिएको थियो । तर, पछिल्लो समय जनसेवामा हुलाक कार्यालय छ है भन्ने सन्देश दिन पनि राहदानी वितरण सुरु भएको खबरले जनतामा आशाको सञ्चार भएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरसँगको समन्वयमा सेवाग्राहीको घरसम्म पुगेर पासपोर्ट वितरण गरेको भएपनि यो सेवा हेटौंडा बजार केन्द्रित हुनु आफैंमा लज्जास्पद छ । जिल्ला हुलाक कार्यालयका चारजना र काउन्टरका दुई जना वितरण कार्यमा खटिएको कार्यालयले जनाएको छ । मकवानपुरका अन्य नौ स्थानीय तहमा हुलाकले सेवा सुरु गर्न नसकेको बताइएको छ । हुलाक कार्यालय मकवानपुरमा हाल एक खरिदारस्तरका कर्मचारी, हुलाकी र हल्कारा गरेर ४ जनाको जनशक्ति छन् । साधन छैन । जनशक्ति थोरै छ । यस्तो अवस्थामा हुलाकबाट घरदैलो सेवा खोज्नु किमार्थ राम्रो होइन । तर, हुलाकलाई साँच्चिकै सबल बनाउन खोजिएको हो भने केही जनशक्ति थपेर इलेक्ट्रिक साइकल मात्रैपनि व्यवस्थापन गर्ने हो भने जिल्लाका सबै पालिकामा आएका पत्र पालिकास्तरमा पुऱ्याउन सकिन्छ । अनि ती पत्रहरुलाई पालिकाका कर्मचारीमार्फत् वडास्तरमा पुऱ्याउने हो भने जनताको हातहातमा पुग्न खासै धेरै समय लाग्ने देखिँदैन । यसतर्फ काम गर्न सक्ने हुलाक बनाउन जिल्ला प्रशासन कार्यालयले सक्नुपर्छ ।

'गरे के सकिँदैन' भन्ने भनाईका साथ जिल्ला प्रशासन कार्यालय मकवानपुरले हुलाक कार्यालयलाई सक्रिय बनाउन खोजेको छ । यो सह्रानयि कदम हो । निजी क्षेत्रमा सञ्चालित कुरियर कम्पनीहरुले हरेक चिठ्ठीपत्र, मालसामान, अन्तर्राष्ट्रिय पार्सलहरु सेवा दिएर अर्थोपार्जन गरिरहँदा सरकारी हुलाक कार्यालय चाहिँ सुस्त हुनु आफैंमा लज्जास्पद विषय हो । त्यसैले राष्ट्रिय तथा अन्तर्राष्ट्रि चिठ्ठीपत्र, पार्सल, मालसामान सस्तो तथा सरकारी दररेटमा ढुवानी गर्न सक्ने हो भने लोप हुन लागेको हुलाक कार्यालयको भूमिका अझै प्रभावकारी हुनेमा दुईमत छैन । यसलाई सक्रिय बनाउन लागौं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख ८ गते मंगलबार २१ अप्रिल २०२६ । चतुर्थी, वैशाख शुक्लपक्ष । बछलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:३६ सूर्यास्त ६:३१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक सन्तोष हुनेछ | **तुला** | : अधुरा काम सम्पन्न हुनेछ |
| **वृष** | : धन प्राप्ति हुनेछ | **वृश्चिक** | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| **मिथुन** | : व्यापारमा नयाँ योजना बन्नेछ | **धनु** | : रिसाउने बानीले काम बिग्रनेछ |
| **कर्कट** | : कठिनाई कम हुनेछ | **मकर** | : नोकरीबाट असन्तोष बढ्नेछ |
| **सिंह** | : साथीभाइमा मनमुटाव हुनेछ | **कुम्भ** | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| **कन्या** | : नयाँ काम समय देखिन्छ | **मीन** | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# वैदेशिक रोजगार: अवैध सिन्डिकेटको जालोमा मधेश



✍ मोहनकुमार दाहाल

यतिबेला मधेश काठमाडौंतिर आँखा लगाएर हेरिरहेको छ । किनभने, उनीहरू मधेशको छोरो पहिलो पटक प्रधानमन्त्री बनेकोमा खुशी मात्र छैनन्, यो परिवर्तनले आफ्नो जीवनलाई सार्थक बनाउँछ भन्ने विश्वासमा पनि छन् । विशेषगरी मधेशका ती हजारौं युवा जो रोजगारीको लागि स्वदेश छाड्न बाध्य छन्, र यो बाध्यताको फाइदा लिंदै आएका म्यानपावरका सिन्डिकेटहरूबाट पीडित छन्, उनीहरू बालेन नेतृत्वको सरकारले मधेशमा जरा गाडेर बसेको यो विकृति उखेलिने विश्वासमा पनि छन् ।

संघीय राजधानी काठमाडौंमा रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलहुँदै दिनहुँ दुई हजारभन्दा बढी नेपाली नागरिक विदेशिन्छन्, वैदेशिक रोजगारीका लागि । त्यसको करिब आधाजति दिनहुँ स्वदेश फर्किन्छन् । तीमध्ये धेरै आंशिक विदामा आएका हुन्छन्, जो केही साता वा महिनापछि पुन: मुलुक छाड्छन् । यसले देखाउँछ, वैदेशिक रोजगारी नेपाली अर्थतन्त्रको मेरुदण्ड नै बनिसकेको छ ।

स्वदेशमै रोजगारीको सिर्जना नहुँदा नेपाली नागरिक आफ्नो मातृभूमि र परिवार छाडेर रोजगारीका लागि विदेशिन बाध्य बनिरहेका हुन् । तर, यसरी बाध्यताले आफ्नो मुलुक र परिवार छाड्न बाध्य भएकाहरूमाथि चरम शोषण र ठगी हुने गरेको छ । राज्यका निकायलाई प्रभावमा पारेर करोडौं-अर्बौं कमाइ गरिरहेकाहरूले यस्तो जालो निर्माण गरेका छन्, जसमा विशेषगरी मधेश प्रदेशका अशिक्षित सिधासादा नागरिक फसिरहेका छन् । सीमित संख्यामा तर शक्तिशाली रहेको त्यो समूहका सदस्यहरू मधेशका नागरिकमाथि शोषण गरेर अर्बौं कमाइरहेका छन् ।

एजेन्ट र तालिम केन्द्रहरूको 'सिन्डिकेटले त्यस्ता युवाको भविष्यमाथि गम्भीर खेलबाड गरिरहेको छ । देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिइरहेका युवा रोजगारदाता मुलुकका कम्पनीहरूबाट त शोषणमा परेकै हुन्छन्, त्यहाँ पुग्नुअघि स्वदेशमै निरीह बन्न बाध्य छन् । पछिल्लो समय मधेशको श्रम बजारमा यो आयस्रोत नै केही सीमित एजेन्ट र तालिम केन्द्रहरूको अवैध कमाइको माध्यम बन्दै गएको छ ।

विशेषगरी जनकपुर, महोत्तरी, सर्लाही, रौतहट, वीरगञ्ज, लहान र सिरहा जस्ता जिल्लाहरूबाट ठूलो संख्यामा युवा रोजगारीको खोजीमा विदेशिने गर्दछन् । तर, यस प्रक्रियामा देखिएको अनियमितता, अवैध कमिसन प्रथा र एजेन्ट-प्रशिक्षण केन्द्रहरूको घनिष्ठ सञ्जालले वैदेशिक रोजगारी क्षेत्रलाई गम्भीर रूपमा प्रभावित बनाएको छ । पछिल्लो समय जनकपुर क्षेत्रका केही एजेन्टहरू र तथाकथित तालिम केन्द्रहरूले युवाहरूबाट अत्यधिक रकम असुल्ने, प्रक्रिया अपारदर्शी बनाउने र कानूनी व्यवस्थालाई छल्ने कार्य गरिरहेको गुनासो व्यापक रूपमा उठिरहेको छ । यो केवल एक सामान्य अनियमितता मात्र नभई संगठित अपराधको रूपमा विकसित हुँदै गएको देखिन्छ, जहाँ श्रमिकको ठूलो समूहलाई नियन्त्रण गर्ने र उनीहरूको कमजोरीको फाइदा उठाउने काम व्यवस्थित ढंगले हुँदै आएको छ ।

स्थानीयस्तरमा सक्रिय एजेन्टहरूले वैदेशिक रोजगारीमा पठाउने नाममा म्यानपावर कम्पनीले तोकेको आधिकारिक दरभन्दा दोब्बर वा सोभन्दा बढी रकम असुल्दै आएका छन् । सरकारी रूपमा तोकिएको शुल्क र प्रक्रियाभन्दा बाहिर गएर रकम उठाउने यस्तो प्रवृत्तिले श्रमिकहरूलाई आर्थिक रूपमा शोषण मात्र होइन, विभिन्न जोखिममा पनि पार्ने गरेको देखिन्छ । यी एजेन्टहरूको सञ्जाल मधेशका गाउँगाउँसम्म फैलिएको छ । उनीहरूसँग स्थानीय तहका केही जनप्रतिनिधि, प्रशासनिक कर्मचारी र सुरक्षा निकायका सदस्यहरूसम्मको पहुँच देखिन्छ, जसले गर्दा यो अवैध कारोबार फस्टाइरहेको छ ।

**अभिमुखीकरणको नाममा पनि लुट**

जनकपुरमा सञ्चालित केही तालिम केन्द्रले अभिमुखीकरणको नाममा अर्को लुट मच्चाइरहेका छन् । तोकिएभन्दा निकै बढी शुल्क लिने, अनिवार्य नभएको तालिम लिन बाध्य पारिएको गुनासो पीडितहरूबाट सुनिन्छ । उनीहरूले म्यानपावर कम्पनीबाट प्राप्त डिमान्ड लेटरका आधारमा स्थानीय एफएम रेडियोमार्फत विज्ञापन गर्ने, युवाहरूको पासपोर्ट संकलन र सम्पूर्ण प्रक्रिया नियन्त्रणमा राख्ने काम समेत गर्दै आएका छन् । यसरी उनीहरूले एउटा यस्तो सञ्जाल निर्माण गरेका छन् जहाँ श्रमिक प्रत्यक्ष रूपमा म्यानपावर कम्पनीसम्म पुग्नै सक्दैनन् र हरेक चरणमा उनीहरूकै बिचौलियाको भूमिका अनिवार्य हुन पुगेको छ । यो सञ्जालले श्रमिकको मूल्याङ्कन उनीहरूको सीप र क्षमताको आधारमा नभई उनीहरूले तिर्न सक्ने अवैध कमिसनको आधारमा गर्छ ।

अझ गम्भीर कुरा के हो भने, धेरैजसो युवाले सिधै म्यानपावर कम्पनीसँग सम्पर्क गर्ने सट्टा यिनै एजेन्ट र तालिम केन्द्रमार्फत प्रक्रिया अघि बढाउने गरेका छन् । यस क्रममा उनीहरूले आफ्नो पासपोर्ट, नगद रकम र अन्य महत्वपूर्ण कागजात एजेन्टलाई सुम्पिन्छन् । अधिकांश आर्थिक कारोबार नगदमै हुने भएकाले कुनै आधिकारिक अभिलेख रहँदैन, जसले भविष्यमा समस्या आए प्रमाण जुटाउन कठिन बनाउँछ । यस्ता नगद कारोबारले पारदर्शितामा गम्भीर प्रश्न उठाउनुका साथै कर छलीको सम्भावनालाई पनि बढाउँछ ।

**गाउँगाउँ पुग्छन् एजेन्ट**

वैदेशिक रोजगार विभागले तोकेको नियम अनुसार सम्पूर्ण प्रक्रिया पारदर्शी र कानूनी हुनुपर्ने भए पनि व्यवहारमा केही एजेन्टहरूले म्यानपावर कम्पनीको श्रमिक कोटा अग्रिम नगद दिएर 'किन्ने' र त्यसमा आफ्ना ग्राहक पठाउने अभ्यास बढ्दो रहेको आरोप छ । यसरी एक प्रकारको ब्रोकरेज प्रणाली विकसित हुँदै गएको छ जहाँ श्रमिक मात्र होइन, म्यानपावर कम्पनीहरू पनि यही अवैध सञ्जालमा बाँधिन पुगेका छन् । यस अवस्थामा म्यानपावर कम्पनीहरू पनि एजेन्टहरूमा निर्भर हुन बाध्य छन् किनभने उनीहरूसँगै गाउँ-गाउँमा पुग्ने र युवा परिचालन गर्ने क्षमता छ । यसले गर्दा एजेन्टहरूले म्यानपावर कम्पनीहरूमाथि समेत दबाब सिर्जना गर्न सक्ने अवस्था देखिन्छ ।

यसरी बनेको सञ्जालमा म्यानपावर कम्पनी, एजेन्ट र तालिम केन्द्रबीच अघोषित सहकार्य रहेको देखिन्छ । एजेन्टहरूले गाउँ-गाउँमा पुगेर युवालाई आकर्षित गर्छन्, तालिम केन्द्रहरूले शुल्क असुल्छन् र अन्तत: श्रमिक विदेश पठाइन्छ । यस क्रममा वास्तविक खर्चभन्दा धेरै गुणा बढी रकम श्रमिकले तिर्नुपर्दा उनीहरू आर्थिक रूपमा कमजोर बन्ने र ऋणको चक्रमा फस्ने जोखिम बढ्छ । उदाहरणका लागि, मलेसियाको कुनै कम्पनीले आधिकारिक रूपमा पाँच लाख रुपैयाँ शुल्क तोकेको अवस्थामा एजेन्टहरूले १० लाख रुपैयाँसम्म असुल्ने गरेको पीडितहरूले बताएका छन् । यो अतिरिक्त रकम कुनै कानूनी आधार विना नै एजेन्ट र तालिम केन्द्रबीच बाँडफाँट हुने गरेको आरोप छ ।

कतिपय अवस्थामा गलत सूचना, अपूर्ण कागजात वा नक्कली विवरणका आधार मा विदेश पठाइने घटनाले श्रमिकलाई थप कानूनी समस्यामा पार्ने गरेको छ । साथै, केही एजेन्टहरूले यस्ता गतिविधिबाट उल्लेखनीय आर्थिक लाभ उठाएको र उनीहरूको विलासी जीवनशैली देखिन थालेको भन्दै अवैध आम्दानी र कर छलीको आशंका पनि बढ्दै गएको छ । यी एजेन्टहरूले आफ्नो घर र गाडीको स्टाटस सिम्बल मात्र नभई गाउँका युवाहरू माझ आफ्नो 'शक्ति' देखाउने माध्यमको रूपमा समेत प्रयोग गर्न थालेका छन्, जसले थप युवालाई उनीहरूकै जालमा फस्न प्रोत्साहित गरिरहेको छ । गाउँका गरिब र अशिक्षित युवाले यी एजेन्टहरूलाई 'ठूलो मान्छे' को रूपमा हेर्न थालेका छन्, जसले गर्दा उनीहरूमाथिको भरोसा अझ बढ्दै गएको छ ।

यस अवस्थाले वैदेशिक रोजगारीमा जाने युवाको सुरक्षा र अधिकारमा गम्भीर असर पारिरहेको छ । धेरैजसो युवा ऋण लिएर विदेश जान बाध्य हुन्छन्, तर अत्यधिक शुल्कका कारण उनीहरू ऋणको चक्रमा फस्ने जोखिममा पर्छन् । केही युवा त विदेश पुगेपछि मात्र थाहा पाउँछन् कि उनीहरूले तिरेको शुल्क अत्यधिक थियो र वास्तविक रोजगारदाताले त्यति रकम मागेको थिएन । यस्तो अवस्थामा श्रमिकहरूले महिनौंसम्म ऋण तिर्नुपर्ने बाध्यता हुन्छ, जसले उनीहरूको मानसिक र आर्थिक अवस्था दुवैलाई कमजोर बनाउँदछ । कतिपयले त ऋण तिर्न नसकेर थप जोखिमपूर्ण अवस्थामा पनि फस्ने गरेका छन् । यसरी मधेशमा यो सिन्डिकेटले एउटा यस्तो शृंखला निर्माण गरेको छ जहाँ युवा ऋणमा डुब्ने, एजेन्ट धनी हुने र अन्तत: समग्र अर्थतन्त्र नै प्रभावित हुने अवस्था सिर्जना भएको छ ।

मधेशका धेरै परिवार यसरी एउटा सदस्यलाई विदेश पठाउन लिएको ऋणका कारण वर्षौंसम्म त्यो ऋण तिर्न बाध्य छन् । यसले घरेलु अर्थतन्त्रमा समेत गम्भीर असर पारिरहेको छ । घरैमा रहेका बालबालिका र वृद्धवृद्धाको हेरचाहमा समेत कमी आएको छ, किनभने परिवारको मुख्य कमाउने सदस्य ऋण तिर्न विदेशिएको हुन्छ भने घरमा बाँकी सदस्यहरू त्यही ऋणको तनावले ग्रस्त हुन्छन् ।

**यसरी गर्न सकिन्छ सुधार**

यस समस्याको समाधानका लागि सरकार र सम्बन्धित निकायहरूले कडा र प्रभावकारी कदम चाल्न आवश्यक छ । एजेन्ट प्रणालीलाई अनिवार्य दर्ता र नियमनमा ल्याउने, सबै आर्थिक कारोबार डिजिटल माध्यमबाट मात्र गर्ने व्यवस्था लागू गर्ने, तालिम केन्द्रहरूको नियमित अनुगमन गर्ने र श्रमिकहरूलाई सिधै आधिकारिक म्यानपावर कम्पनीसँग सम्पर्क गर्न सचेत बनाउने जस्ता उपाय अत्यावश्यक छन् । सरकारी अनुगमनलाई प्रभावकारी बनाउन स्थानीय तहलाई पनि यस क्षेत्रमा सक्रिय गराउनुपर्छ । जिल्ला प्रशासन कार्यालय, वैदेशिक रोजगार कार्यालय र स्थानीय प्रहरी प्रशासन बीच समन्वय गरी संयुक्त अनुगमन टोली गठन गर्ने, गोप्य सूचना संकलन प्रणाली विकास गर्ने र पीडितहरूका लागि सहज उजुरी केन्द्र स्थापना गर्ने खाँचो देखिन्छ ।

विशेषगरी जनकपुर, वीरगञ्ज लगायत ठूला शहरहरूमा यस्ता संयुक्त अनुगमन टोलीले नियमित रूपमा अनुगमन गर्न आवश्यक छ । तर, हालसम्म यस्तो संयुक्त अनुगमन टोली गठन भएको देखिदैन । जनकपुरको वैदेशिक रोजगार कार्यालयमा जनशक्ति र स्रोतको अभाव छ, जसले गर्दा नियमित अनुगमन गर्न सकिरहेको छैन । यसलाई सम्बोधन गर्न सरकारले तत्काल थप जनशक्ति र बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

त्यस्तै, श्रमिकहरूलाई उनीहरूको अधिकार, प्रक्रिया र सुरक्षाका उपायहरूबारे जानकारी गराउन व्यापक सचेतना अभियान सञ्चालन गर्नुपर्छ । स्थानीय एफएम रेडियो, सामुदायिक रेडियो र सामाजिक सञ्जाललाई प्रभावकारी रूपमा प्रयोग गर्दै जनचेतनामूलक कार्यक्रमहरू नियमित रूपमा प्रसारण गर्नुपर्छ । विद्यालय र कलेजहरूमा वैदेशिक रोजगारी सम्बन्धी जागरूकता कार्यक्रमहरू सञ्चालन गर्ने र युवालाई सानैदेखि यसबारे जानकारी दिन थाल्नुपर्छ ।

मधेशका धेरै गाउँमा अझै पनि साक्षरता दर कम र सूचनाको पहुँच न्यून छ । यस्तो अवस्थामा एजेन्टहरूले सजिलै युवालाई गलत सूचना दिन सक्छन् । यसैले सचेतना अभियानहरू विशेषगरी ग्रामीण क्षेत्रहरूमा केन्द्रित हुनुपर्छ । यसका साथै, सरकारले वैदेशिक रोजगारीको प्रक्रियालाई सरल, पारदर्शी र सहज बनाउन ई-गभर्नेन्स प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ ।

सबै म्यानपावर कम्पनीहरूको लागि अनलाइन पोर्टल अनिवार्य गर्ने, श्रमिकहरू आफैंले अनलाइनमा आवेदन दिन सक्ने व्यवस्था मिलाउने र प्रक्रियागत पारदर्शिता सुनिश्चित गर्नुपर्छ । हाल, अधिकांश युवालाई अनलाइन प्रक्रियाको जानकारी नहुँदा उनीहरू एजेन्टमा निर्भर हुन बाध्य छन् । यसैले सरकारले प्रत्येक स्थानीय तहमा वैदेशिक रोजगारी सहायता केन्द्र स्थापना गरी त्यहाँबाट नि:शुल्क परामर्श र अनलाइन आवेदनको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

अवैध कमिसन प्रथा नियन्त्रण गर्न सरकारले भुक्तानी प्रणालीलाई अनिवार्य रूपमा बैंकिङ प्रणालीसँग जोड्नुपर्छ । कुनै पनि प्रकार को शुल्क बैंक खातामार्फत मात्र भुक्तानी गर्ने व्यवस्था गर्नुपर्छ र नगद कारोबारलाई पूर्ण रूपमा प्रतिबन्ध लगाउनुपर्छ । यसले हरेक कारोबारको अभिलेख रहने र कर छलीको सम्भावना पनि न्यून हुनेछ । तर, हाल अधिकांश कारोबार नगदमै हुने गरेको छ र यसको कुनै अभिलेख रहँदैन । यसले एजेन्टहरूलाई आफूले लिएको कमिसनको कुनै प्रमाण नदिने अवसर दिएको छ ।

साथै, यस्ता अवैध कार्यमा संलग्न एजेन्ट, तालिम केन्द्र र म्यानपावर कम्पनीहरू माथि कारबाही गर्न छुट्टै टास्क फोर्स गठन गर्नुपर्छ । यो टास्क फोर्सले नियमित रूपमा गोप्य अनुगमन, सूचना संकलन र आवश्यक कारबाही गर्न सक्नुपर्छ । कारबाहीको प्रक्रिया पनि सरल र पीडितमैत्री बनाउनुपर्छ ताकि पीडितहरूले उजुरी दिन हिच्किचाउनु नपरोस् । हाल, पीडितहरूले प्रहरी वा प्रशासनमा उजुरी गर्दा लामो समय प्रक्रियामा बस्नुपर्ने, पटक-पटक धाउनुपर्ने र आर्थिक खर्च पनि व्यहोर्नुपर्ने अवस्था छ । यसले गर्दा धेरै पीडितहरूले उजुरी नै गर्न छाडेका छन् । यसैले पीडितमैत्री उजुरी केन्द्र र द्रुत कारबाहीको व्यवस्था गर्न आवश्यक छ ।

यससँगै, वैदेशिक रोजगारीमा जाने युवाको सीप विकासमा पनि ध्यान दिनुपर्ने देखिन्छ । हाल, धेरैजसो तालिम केन्द्रहरूले गुणस्तरीय तालिम दिन सकेका छैनन् । उनीहरूले तालिमको नाममा मात्र शुल्क असुल्ने काम गरिरहेका छन् । यसैले सरकारले तालिम केन्द्रहरूको मूल्यांकन, प्रमाणीकरणको व्यवस्था र गुणस्तरीय तालिम मात्र सञ्चालन गर्न अनुमति दिने व्यवस्था गर्नुपर्छ । यसले मात्र नभई युवाहरूले गुणस्तरीय तालिम पाउने र विदेशमा राम्रो रोजगारी पाउने सम्भावना पनि बढ्नेछ ।

मधेश प्रदेशमा अझै पनि प्राविधिक शिक्षा र व्यावसायिक तालिमका लागि पर्याप्त संस्थाहरू छैनन् । युवाहरू जागिरको खोजीमा विदेश जानुअघि सीप सिक्नका लागि पनि ठूला शहरहरू धाउन बाध्य छन् । यसैले प्रदेश सरकारले प्रत्येक स्थानीय तहमा आईटीआई (औद्योगिक प्रशिक्षण संस्था) स्तरका संस्थाहरू स्थापना गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**स्थानीय सरकारको भूमिका**

अर्को महत्वपूर्ण पक्ष भनेको स्थानीय तहहरूको भूमिका हो । संविधानले वैदेशिक रोजगारीलाई स्थानीय तहको सूचीमा राखेको छ । तर, मधेशका अधिकांश स्थानीय तहले यस क्षेत्रमा कुनै उल्लेखनीय काम गर्न सकेका छैनन् । उनीहरूले वैदेशिक रोजगारीमा जाने युवाको अभिलेख राख्ने, उनीहरूलाई आवश्यक परामर्श दिने, रोजगारीपछि फर्किएकाहरूलाई पुन:स्थापनाका लागि सहयोग गर्ने जस्ता काम गर्न सक्ने भए पनि यसतर्फ ध्यान दिएका छैनन् । यसैले स्थानीय तहहरूलाई पनि यस क्षेत्रमा सक्रिय बनाउन आवश्यक छ ।

जिल्ला समन्वय समितिहरूले पनि यस विषयमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । हाल, केही स्थानीय तहहरूले वैदेशिक रोजगारी व्यवस्थापन समिति गठन गरे पनि ती समितिहरू प्रभावकारी बन्न सकेका छैनन् । ती समितिहरूलाई आवश्यक जनशक्ति, बजेट र प्राविधिक सहायता उपलब्ध गराउनुपर्ने आवश्यकता छ ।

यसरी बनेको सिन्डिकेटको पछाडि अर्को महत्वपूर्ण पक्ष भनेको राजनीतिक संरक्षण हो । मधेशका केही एजेन्ट स्थानीय राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूसँग नजिक रहेको र उनीहरूकै संरक्षणमा यो अवैध कारोबार फस्टाउँदै गएको आरोप पनि छ । यसैले यसलाई केवल प्रशासनिक मात्र नभई राजनीतिक समस्याको रूपमा हेर्नुपर्ने देखिन्छ । राजनीतिक दलहरूले पनि यस विषयमा स्पष्ट धारणा राख्नुपर्ने र आफ्ना कार्यकर्ताहरू यस्तो अवैध कारोबारमा संलग्न भए पाउँदैनन् भन्ने सन्देश दिनुपर्ने आवश्यकता छ । केही स्थानीय सञ्चार माध्यमले यस विषयमा बोल्ने गरे पनि धेरैजसोले यो विषयलाई गम्भीरतापूर्वक उठाएका छैनन् । सञ्चारमाध्यमहरूले पनि यस विषयलाई नियमित रूपमा उठाउँदै जनमत निर्माणमा भूमिका खेल्नुपर्ने देखिन्छ ।

**प्रवासी नेपालीले गर्न सक्ने सहयोग**

प्रवासी नेपालीहरूको संलग्नता पनि यस सन्दर्भमा महत्वपूर्ण छ । विदेशमा रहेका नेपाली श्रमिकहरूले मधेशका आफन्तहरूलाई सचेत गराउन सक्ने भूमिका खेल्न सक्छन् । उनीहरूले सही प्रक्रिया, खर्चको विवरण र आवश्यक सावधानीहरूबारे आफन्तहरूलाई जानकारी गराउन सक्छन् । यसले गर्दा एजेन्टहरूले गलत जानकारी दिएर युवाहरूलाई ठग्ने सम्भावना कम हुनेछ ।

यसका साथै, प्रवासी नेपालीहरूले आफूले काम गर्ने देशहरूको श्रम कानून र श्रमिकको अधिकारबारे पनि जानकारी लिनुपर्ने र आवश्यक परेमा कानूनी सहायता लिन सक्ने व्यवस्थाको पनि जानकारी राख्नुपर्ने देखिन्छ । दीर्घकालीन समाधानको लागि वैदेशिक रोजगारीमा जाने युवाको संख्यालाई न्यूनीकरण गर्न स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्नुपर्ने आवश्यकता पनि छ ।

मधेश प्रदेश कृषि प्रधान क्षेत्र भएकोले यहाँ कृषिमा आधारित उद्यमशीलता विकास गर्न सकिन्छ । साना तथा घरेलु उद्योगहरूलाई प्रोत्साहन गर्ने, सीपमूलक तालिम दिएर युवाहरूलाई आत्मनिर्भर बनाउने जस्ता कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

प्रदेश सरकारले युवा उद्यमशीलता कोष स्थापना गरी सहुलियतपूर्ण ऋणको व्यवस्था गर्न सक्छ । यसले गर्दा धेरै युवा विदेश जान बाध्य हुने अवस्थाको अन्त्य हुनेछ । तर, यसका लागि स्थानीयस्तरमै बजार पहुँच, कच्चा पदार्थको उपलब्धता र प्राविधिक सहायताको व्यवस्था गर्नुपर्ने चुनौती पनि छ । यसलाई सम्बोधन गर्न संघ, प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक देखिन्छ ।

अन्तत:, वैदेशिक रोजगारी नेपालको अर्थतन्त्रको महत्वपूर्ण आधार भएकाले यसलाई पारदर्शी, सुरक्षित र न्यायपूर्ण बनाउन एजेन्ट र तालिम केन्द्रहरूमा भइरहेको अनियमितता नियन्त्रण गर्नु अपरिहार्य छ । यो केवल केही व्यक्तिको आर्थिक शोषणको मात्र विषय होइन, यो सम्पूर्ण प्रणालीप्रतिको विश्वास र देशको भविष्यको प्रश्न हो । यदि यसलाई समयमै नियन्त्रण गर्न सकिएन भने, यसले हजारौं युवाको भविष्यसँगै समग्र वैदेशिक रोजगारी प्रणालीप्रतिको विश्वासमा गम्भीर असर पार्न सक्छ । मधेशका युवाहरू आर्थिक रूपमा मात्र होइन, मानसिक र सामाजिक रूपमा पनि प्रभावित हुँदै गएको यो अवस्थाले सरोकारवाला सबै निकायको ध्यानाकर्षण गराउनुपर्ने आवश्यकता देखिन्छ ।

सरकार, सम्बन्धित निकाय, नागरिक समाज र सञ्चारमाध्यम सबैको सक्रियताले मात्र यस अवैध सिन्डिकेटलाई ध्वस्त पार्न सकिन्छ । युवाको भविष्य र देशको अर्थतन्त्रको रक्षाका लागि यो अहिलेको आवश्यकता मात्र नभई अनिवार्य दायित्व पनि हो । त्यसैले अब ढिलाइ गर्नुहुँदैन, अब यस सिन्डिकेटको विरुद्धमा एकताबद्ध भएर लाग्नुपर्ने बेला आएको छ ।

यदि यसतर्फ समयमै ध्यान नपुगेको हो भने आउने दिनहरूमा अझ ठूलो संकट आइपर्न सक्छ, जसले मधेश प्रदेशको समग्र सामाजिक र आर्थिक संरचनालाई नै हल्लाउनेछ । यस संकटको समाधानका लागि अब केवल कागजी नीति मात्र पर्याप्त छैन, व्यावहारिक र प्रभावकारी कार्यान्वयनको खाँचो छ । जनताको घरदैलोमा पुगेर युवाहरूलाई सचेत गराउने, एजेन्टहरूमाथि कडा कारबाही गर्ने, र वैदेशिक रोजगारीलाई एउटा व्यवस्थित र मर्यादित क्षेत्रको रूपमा स्थापित गर्ने जिम्मेवारी अब सरकारको मात्र नभई सम्पूर्ण समाजको हो ।

*(साभार: अनलाइनखबर)*

# इन्धन महँगिँदा अर्थतन्त्रमा बहुआयामिक असर, आर्थिक वृद्धिदरमै धक्का




काठमाडौं/चार महिना अघि अर्थात् १६ जनवरी २०२६ मा डिजेलको मूल्य प्रतिलिटर १ सय ३६ रुपैयाँ थियो । इरान-अमेरिका युद्धका कारण डिजेलको मूल्य भारी वृद्धि भइसकेको छ । १६ अप्रिल २०२६ मा डिजेलको मूल्य २ सय ३७ रुपैयाँ प्रतिलिटर पुगेको छ । नेपाल आयल निगम भन्छ- 'पछिल्लो मूल्य समायोजनपछि पनि निगमलाई पाक्षिक ५ अर्ब ७५ करोड रुपैयाँ बराबर घाटा छ ।'

१ जनवरी २०२६ को मूल्य समायोजन अनुसार हवाई इन्धन मूल्य प्रतिलिटर १ सय २८ रुपैयाँ थियो । १६ अप्रिल २०२६ मा २ सय ६२ पुगेको छ । अर्थात्, ४ महिनामा आन्तरिकतर्फ हवाई इन्धनको मूल्य दोब्बरभन्दा धेरैले उकालो लागेको छ । १ जनवरी २०२६ का दिन १ सय ५९ रुपैयाँ प्रतिलिटर रहेको पेट्रोलको मूल्य अहिले २ सय २ रुपैयाँ पुगेको छ । सरोकारवालाका अनुसार इन्धन मूल्यले अर्थतन्त्रका सबैजसो क्षेत्र नराम्रोसँग प्रभावित बन्न पुगेका छन् ।

अघिल्लो साता विश्व बैंक, एसियाली विकास बैंक (एडीबी) र अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले आफ्नो पछिल्लो आर्थिक वृद्धिदरको प्रक्षेपण सार्वजनिक गरिसकेका छन् । सबैजसो प्रक्षेपणले चालु आवको आर्थिक वृद्धिदरमा इरान-अमेरिका युद्धले नराम्रो धक्का दिने बताएका छन् । आईएमएफले चालु आव आर्थिक वृद्धिदर २.२ प्रतिशत बिन्दुले घटाउँदै ३ प्रतिशत हाराहारी मात्र हुने प्रक्षेपण गरेको छ ।

आईएमएफका अनुसार मध्यपूर्वमा जारी तनाव तथा गत सेप्टेम्बरमा नेपालमा भएको युवा आन्दोलन प्रभावले नेपालको अर्थतन्त्रको विस्तार कम हुनेछ । मध्यपूर्वको तनावले मूल्यवृद्धिको दबाब समेत सिर्जना गर्ने आईएमएफका एसिया प्रशान्त विभागका उपनिर्देशक थोमल हेल्बिलडले बताए ।

आईएमएफका अनुसार नेपालजस्ता मुलुकलाई युद्धले रासायनिक मलको लागत बढ्ने र किसानको आम्दानी घटाउने छ । खाद्यान्नको मूल्य बढ्ने छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धिले ढुवानी लागत बढ्दा त्यसको प्रत्यक्ष असर भान्सासम्म पुग्ने छ ।

विश्व बैंकले समेत नेपालको आर्थिक वृद्धिदर २.३ प्रतिशतमा सीमित रहने अनुमान सार्वजनिक गरेको छ । 'नेपाल डेभलपमेन्ट अपडेट अप्रिल २०२६' सार्वजनिक गर्दै विश्व बैंकले कृषि उत्पादनमा आएको कमी र खाडी मुलुकमा चर्किएको युद्धको असरले नेपालको अर्थतन्त्रमा प्रत्यक्ष असर पर्ने बताएको छ । विश्व बैंकले गत भदौको आन्दोलनको असर पनि अर्थतन्त्रमा देखिने उल्लेख गरेको छ । यस वर्ष सेवा क्षेत्र सबैभन्दा बढी प्रभावित हुने अनुमान उसको छ ।

पर्यटन क्षेत्रमा कमी, ढुवानी खर्च वृद्धि र आपूर्ति शृंखलामा आउने अवरोधको मारमा नेपालको अर्थतन्त्र पर्ने विश्व बैंकको भनाइ छ । मध्यपूर्व युद्ध लम्बिँदै जाँदा पर्यटक आगमन घट्ने, रेमिट्यान्स कम हुने र समग्र आर्थिक गतिविधि सुस्त हुने प्रक्षेपण उसको छ । उता, एडीबीले गत भदौमा भएको जेनजी आन्दोलन, राजनीतिक अनिश्चितता तथा अहिले पश्चिम एसियामा जारी युद्धका कारण चालु आव आर्थिक वृद्धि सुस्त हुने प्रक्षेपण गरेको छ । यस वर्ष आर्थिक वृद्धिदर २.७ प्रतिशतमा सीमित हुने प्रक्षेपण उसको छ ।

'एसियन डेभलपमेन्ट आउटलुक अप्रिल २०२६' सार्वजनिक गर्दै एडीबीले मध्यपूर्वमा जारी युद्धले पेट्रोलियम पदार्थको मूल्यका साथै पर्यटन र विप्रेषण आप्रवाहमा जोखिम कायम रहेको बताएको छ । चालु आव कृषि, उद्योग तथा सेवा क्षेत्रका तीन वटै क्षेत्रको वृद्धिदर सुस्त हुने एडीबीको नेपाल आवासीय मिसनका अर्थशास्त्री मानवरसिंह खड्काले बताए । 'पूँजीगत लगानीको सुस्तता, लगानीकर्ताको आत्मविश्वास गुम्नु तथा निर्माण क्षेत्र पनि सुस्त हुनुले उत्पादनमूलक क्षेत्रको वृद्धिदर सुस्त हुनेछ, यसमा पर्ने विद्युत् क्षेत्र मात्रै उत्पादनशील देखिन्छ,' उनले भने, 'खासगरी पश्चिम एसियाको द्वन्द्वका कारण पर्यटन क्षेत्र कमजोर हुँदा सेवा क्षेत्र पनि प्रभावित हुनेछ ।'

### संकटमा निर्माण क्षेत्र

मध्यपूर्वमा जारी युद्धका कारण निर्माण उद्योग संकटमा पुगेको व्यवसायीले बताएका छन् । नेपाल निर्माण व्यवसायी महासंघ महासचिव शिवहरि घिमिरेका अनुसार निर्माण क्षेत्रमा अत्यधिक प्रयोग हुने डिजेल, पेट्रोल, मट्टीतेल लगायत इन्धन सामग्री सहित निर्माण कार्यमा व्यापक प्रयोग हुने बिटुमिन, सिमेन्ट, डन्डी लगायत निर्माण सामग्रीमा समेत निरन्तर मूल्यवृद्धि भइरहेको छ । सबै बजारमा यस्ता सामग्री अभाव समेत बढ्दो छ ।

निर्माण सामग्रीको मूल्यवृद्धि र अभावले निर्माण व्यवसायीमा ठूलो आर्थिक भार परेको घिमिरेले विज्ञप्ति मार्फत जनाएका छन् । साथै, महासंघले पूर्वाधारमैत्री हुने गरी सार्वजनिक खरिद ऐन संशोधन गर्नसमेत भनेको छ । त्यस्तै प्रत्येक आयोजनामा मूल्यवृद्धि भए अनुरूप मूल्य समायोजनको मार्ग निर्देशिका-२ तत्काल जारी गर्न पनि नेपाल सरकारका सम्बन्धित निकाय समक्ष माग गरेको छ ।

### पर्यटन र हवाई उद्योगमा उस्तै संकट

मध्यपूर्व संकटले पर्यटन क्षेत्रमा अझ गहिरो संकट निम्त्याएको छ । मार्च २०२६ मा पर्यटक आगमन सन् २०२५ को तुलनामा घट्यो । मुख्य सिजनमै आगमन घट्नुमा इरान-अमेरिका युद्ध मुख्य कारण थियो । यो सिजन पदयात्रा र पर्वतारोहणमा धेरै पश्चिमा मुलुकबाट पर्यटक आउने विगतको प्रवृत्ति छ ।

तथ्यांकले यसमा ठूलो असर परिरहेको देखाएको छ । अमेरिकाबाट मार्च २०२६ मा ७ हजार ९ सय ७४ पर्यटक आएका छन् । २०२५ मार्चमा यो संख्या ११ हजार ९२ थियो । अर्थात्, संख्या २८.१ प्रतिशतले ओरालो लाग्यो । युरोपको आगमन ट्रेन्ड पनि त्यस्तै छ । बेलायतबाट ४ हजार ८ सय १४ पर्यटक यस महिना भित्रिए । गत वर्ष ५ हजार ९ सय ९५ पर्यटक आएका थिए । यस मुलुकबाट हुने आगमनमा १९.७ प्रतिशतले गिरावट आयो । युरोपेली भेगको समग्र आगमनमा १८.९ प्रतिशतको गिरावट आएको छ ।

खाडी मुलुकमा चर्किएको युद्ध लम्बिँदै जाँदा त्यसले उक्त भेगलाई ट्रान्जिट बनाएर नेपाल आउने पर्यटकको आगमनमा प्रत्यक्ष असर गरेको नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपकराज जोशी बताउँछन् । 'युद्धका कारण यात्रा अनिश्चित बनेको छ,' उनी भन्छन्, 'यसले हामीजस्ता मुलुकलाई ठूलो मार पर्ने देखिन्छ ।' उता, युद्धका कारण इन्धन आपूर्तिमा परेको असरले पर्यटकीय सेवा महँगो बनेको छ । आन्तरिक र वाह्य दुवै रुटको हवाई इन्धन मूल्य दोब्बर बढ्दा त्यसले हवाई यात्रा महँगो बनेको छ ।

वायुसेवा सञ्चालक संघ अध्यक्ष प्रतापजंग पाण्डेका अनुसार हवाई इन्धनको मूल्यवृद्धिले हवाईसेवा महँगो, टिकट दर वृद्धि र समग्रमा पर्यटन क्षेत्रमै नकारात्मक असर परेको छ । उनले भनेजस्तै अहिले नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार काठमाडौं-धनगढी रुटको अधिकतम हवाई भाडा २३ हजार रुपैयाँभन्दा माथि पुगेको छ ।

### छटपटीमा यातायात व्यवसायी

मध्यपूर्वी युद्धबीच निरन्तर इन्धन मूल्यवृद्धि हुँदा यातायात व्यवसायी समेत मारमा छन् । सरकारसँग लामो छलफलपछि अघिल्लो साता भाडा समायोजन गरिएको थियो । त्यसपछि आयल निगमले डिजेलमा भारी मूल्यवृद्धि गरेको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले इन्धनमा भएको भारी मूल्यवृद्धिले सार्वजनिक यातायात सञ्चालनमै चुनौती थपिएको बताएको छ । महासंघले आयल निगमलाई मूल्यवृद्धिको साटो वैकल्पिक व्यवस्था मिलाउन समेत भनेको छ । महासंघले स्वचालित मूल्य समायोजनको नीति लिन समेत सरकारसँग माग गरेको छ ।

### अन्ततः मारमा उपभोक्ता

अर्थतन्त्रका सबै अवयवमा परेको असरको अन्तिम मारमा भने उपभोक्ता परेका छन् । इन्धनका कारण महँगी बढ्दा बजारमा हरेक वस्तुको मूल्यवृद्धि भएको छ । ग्यासमा सास्ती थपिएको छ । निजी तथा सार्वजनिक क्षेत्रमा यातायात खर्च बढेको छ । उपभोक्ता अधिकार कर्मी प्रेमलाल महर्जनका अनुसार इन्धनको भाउ बढ्दा दैनिक उपभोग्य वस्तुकै मूल्य भारी बढेको छ । सेवा क्षेत्रमा समेत उस्तै महँगी छ । यस्तो अवस्थामा समेत सरकार उदासीन देखिएको भन्दै उनले प्रश्न गरेका छन् ।

सरकारले इन्धन आयातमा लाग्ने कर ५० प्रतिशत कटौतीको घोषणा गर्दा पनि त्यसले उपभोक्तालाई शून्य लाभ दिएको प्रति समेत उनले प्रश्न उठाएका छन् । 'व्यवसायीले दैनिकजसो मूल्य बढाउँदा र कृत्रिम अभाव सिर्जना गर्दा पनि सरकारको नियामक निकाय 'सिंहदरबार' मूकदर्शक बनेको छ,' उनले भने । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा तत्काल बढाउने, तर घट्दा नघटाउने परिपाटीलाई उनी सरकारको असुली माध्यमको संज्ञा दिन्छन् । 'बजार कसको नियन्त्रणमा छ ? सरकारले मूल्य नियन्त्रण गर्न नसक्ने हो भने बजारमा व्यवसायी र बिचौलियाको मात्रै राज चलेको हो ?,' उनको प्रश्न छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'पारी बुटोल'को टिजरमा दुई ग्याङबीचको घम्साघम्सी




काठमाडौं/'मञ्जरी' निर्देशक गणेश देव पाण्डेको पाँचौं निर्देशकीय फिल्म 'पारी बुटोल'को टिजर सार्वजनिक गरिएको छ । १ मिनेट ४० सेकेण्ड लम्बाइको टिजरले फिल्मको कथावस्तु र चरित्र चित्रणबारे प्रकाश पारेको छ । बुटोल भन्ने ठाउँका दुई ग्याङबीचको झडपलाई टिजरको केन्द्रमा राखिएको छ । यसले फिल्म ग्याङ्स्टर कथामा निर्माण भएको प्रस्ट पार्छ ।

कलाकारहरूको अभिनय, महेश पौडेलको छायांकन, जटावेदा बेनर्जीको पार्श्व संगीत र न्यापर सुरज क्षेत्री (भ्योमा)को गीतको संयोजन टिजरमा बेजोड देखिएको छ । कलाकारहरूको लुक्स र गेटअपले फिल्मप्रति दर्शकको उत्सुकता बढाउने देखिन्छ । अनुप बराल, दीया मास्के, सुशील सिटौला लगायतका कलाकार हरूलाई टिजरमा देख्न सकिन्छ ।

फिल्मका लेखक तथा निर्देशक पाण्डेका अनुसार 'पारी बुटोल' केवल ग्याङ्स्टर फिल्म मात्र होइन । उनी भन्छन्, 'यो युवाहरू, उनीहरूको परिवार, सैर्ष र सफलता प्राप्त गर्ने होडमा उनीहरूले सामना गर्नुपर्ने चलखेललाई सामान्य बनाउने प्रयासको कथा हो । फिल्मले दर्शकलाई एकदमै लोकल र यथार्थपरक अनुभूति दिनेछ ।'

ल्याक्सी श्रेष्ठले निर्माण गरेको यस फिल्ममा मनिषा अधिकारी सह-निर्माताको रूपमा छन् । फिल्ममा अनुप, दीया र सुशीलसहित अविरल प्रताप अधिकारी, कामेश्वर चौरासिया, दिव्य देव, आकांक्षा केसी, किरण श्रेष्ठ, अदिती शेर्पा, आदि मिश्र लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ । यसमा लोकेश बज्राचार्यको सम्पादन तथा एनबी महर्जनको द्वन्द्व निर्देशन छ ।

# 'महाराजधिराज'मा पूजाको प्रवेश, पुष्पको जोडी हुन् ?



काठमाडौं/वैशाख दोस्रो साताबाट छायांकनको तयारीमा रहेको फिल्म 'महाराजधिराज'मा कलाकारको लाइनअप बलियो बनेको छ । नयाँ र पुराना पुस्ताका स्थापित कलाकारहरूलाई आबद्ध गराइएको यस फिल्ममा अब अभिनेत्री पूजा शर्माको प्रवेश भएको छ । आइतबार निर्माताले उनलाई फिल्मको मुख्य भूमिकामध्ये एकमा अनुबन्धित गरेका हुन् ।

यसअघि यो फिल्ममा पुष्प खड्का, केकी अधिकारी, नीर शाह, आर्यन सिग्देल, हिउँवाला गौतम, हेमन्त बुढाथोकी, रमेश उप्रेती, उषा रजक, जयकिशन बस्नेत, शिशिर भण्डारी, गजित विष्ट, आशा पौडेल लगायतका कलाकारहरू अनुबन्धित भइसकेका छन् । फिल्मको कथा पुष्पले निभाउने अधिराज पात्रको वरिपरि घुम्ने जनाइएको छ ।

फिल्मलाई परिक्षेद सेनले निर्देशन गर्नेछन् । केही फिल्ममा सहायक निर्देशक र लेखकको रुपमा काम गरेका उनको यो दोस्रो निर्देशकीय फिल्म हुनेछ । सन् २०२२ मा प्रदर्शन भएको फिल्म 'प्रेमगन्ज'बाट उनले निर्देशनमा डेब्यू गरेका थिए, जुन समीक्षात्मक रुपमा अब्बल ठहरिएको थियो । उनले करिब २ वर्षको तयारीपछि 'महाराजधिराज' बनाउन लागेका हुन् ।

'बुलाकी'का निर्माता विराज विष्ट प्रस्तुतकर्ता रहेको यस फिल्ममा रवि खड्का, शिवराज पौडेल र टोपेन्द्र विष्ट निर्मातामा रहेका छन् । निर्देशक सेन स्वयंको लेखन रहेको फिल्मलाई नवराज थापाले छायांकन गर्नेछन् । सुनसरीको श्रीलंका टापुबाट छायांकन सुरु गर्ने तयारी गरिएको फिल्मलाई काठमाडौं, भक्तपुर र कीर्तिपुरमा पनि खिचिने जनाइएको छ ।

# २१ लघुवित्तको खराब कर्जा १० प्रतिशत नाघ्यो, घरजग्गा मन्दीले ऋण नतिर्ने बढे




काठमाडौं/लघुवित्त क्षेत्रको कर्जा असुली समस्या झनै बढेको छ । कोरोना महामारी र आर्थिक मन्दीका कारण बिग्रेको आर्थिक चक्रले लय नसमाउँदा लघुवित्तको समस्या झनै जटिल देखिएको हो ।

बैंक तथा वित्तीय क्षेत्रको स्रोत प्रत्यक्ष र अप्रत्यक्ष रुपमा घर जग्गामा नै केन्द्रित भएपछि समग्र अर्थतन्त्र नै प्रभावित भयो । घर जग्गामा बढ्दो लगानीले सिर्जना गरेको 'बबल'मा सरकारको नियन्त्रण पछि अर्थतन्त्र नै मन्दीमा पुग्यो । आर्थिक वर्ष २०७७/७८ मा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाह भएको कर्जा २८ देखि ३० प्रतिशतसम्मले बढ्दा पनि आर्थिक वृद्धि ४ प्रतिशतको हाराहारीमा मात्र भयो ।

त्यो भन्दा अघिल्लो आवमा आर्थिक वृद्धिदर नकारात्मक थियो । त्यसपछि नेपाल राष्ट्र बैंकले वित्तीय क्षेत्रको लगानीमा कडाइ गर्‍यो । त्यसको असर घरजग्गाको कारोबारमा देखिँदा आर्थिक मन्दीको अवस्था आयो । घरजग्गाको कारोबारमा सुधार आउन नसक्दा अझै पनि आर्थिक गतिविधि पूर्ववत् अवस्थामा फर्कन नसकेको अर्थशास्त्रीहरू बताउँछन् । घर जग्गाको असरले समग्र अर्थतन्त्र नै सुस्त भएपछि लघुवित्त क्षेत्र पनि प्रभावित हुने नै भयो ।

लघुवित्त क्षेत्रमा कर्जा दुरुपयोग, बहुकर्जा तथा ऋण नतिर्नेको संख्य बढेपछि जटिल अवस्थामा आएको हो । नेपाल राष्ट्र बैंकले समस्या र सुधारका लागि सुझाव दिन भन्दै अध्ययन गराएको थियो । सो अनुसार बैंकले लघुवित्तका समस्या समाधान गरेर अघि बढ्ने योजना सहित विभिन्न नीतिगत व्यवस्था गरेको थियो ।

त्यसमध्ये कर्जा पुनर्तालिकीकरण तथा पुनर्संरचना सुविधा, ब्याजदर, सेवा शुल्क, कर्जा सीमा लगायतमा कसिलो नीति अवलम्बन गर्‍यो । केन्द्रीय बैंकको नीतिगत सुधारले लघुवित्त क्षेत्रको समस्या घट्नु पर्नेमा झनै बढेको देखिन्छ । चालु आर्थिक वर्षको दोस्रो त्रैमाससम्मको तथ्याङ्क हेर्दा लघुवित्तको खराब कर्जा विगतको तुलनामा झनै बढेको छ । कर्जा नोक्सानी व्यवस्था पनि सोही अनुपातमा बढेको छ ।

केन्द्रीय बैंकका अनुसार सो अवधिमा २१ लघुवित्तको खराब कर्जा दर १० प्रतिशत भन्दा धेरै छ । सञ्जिवनी लघुवित्त विकास बैंकको शत प्रतिशत कर्जा खराब छ । यो लघुवित्त राष्ट्र बैंकबाट संकटग्रस्त घोषणा भएको संस्था हो ।

राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्षमा लघुवित्तको औसत खराब कर्जा ९.५ प्रतिशत थियो । चालु आर्थिक वर्षको दोस्रो त्रैमाससम्म यस्तो औसत कर्जा ९.९९ प्रतिशत पुगेको छ । गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा समेत असुली समस्या झनै जटिल बनेको लघुवित्त बैंकर बताउँछन् ।

लघुवित्त क्षेत्रमा समस्या आएपछि केन्द्रीय बैंकले कर्जा पुनर्संरचनाको सुविधा दिएको हुनाले अझ समस्या बाहिर नआएको नेपाल लघुवित्त बेंकर्स संघका पूर्वअध्यक्ष बसन्त लम्सालले बताए । 'अहिले रिल्याक्सेसन छैन, अघिल्लो वर्ष रिस्ट्रक्चर गरेको कर्जाको अवधि पुस मसान्तसम्म सकियो । अहिलेको अवस्था कसिलो छ,' उनले भने, 'अहिले कर्जाको रिस्ट्रक्चर धेरै संस्थाले गरेका छैनन् । त्यसका साथै आर्थिक गतिविधिमा अपेक्षित सुधार नआएकाले ऋणीको कर्जा तिर्न सक्ने क्षमतामा पनि सुधार आउन सकेको छैन ।'

बैंकिङ क्षेत्रको घट्दो ब्याजदरका कारण आम्दानी केही बढेको उनले बताए । संस्थाको नाफामा सुधार आएको भए पनि खराब कर्जा र कर्जा नोक्सानी व्यवस्था झनै बढेको उनले स्वीकार गरे । अर्थतन्त्रका कारण नयाँ कर्जा नबढ्दा पनि डिफल्ट दर बढ्ने क्रम नरोकिएको उनले बताए ।

'घर-जग्गाको कारोबार खुकुलो भएको खण्डमा सहकारीको पनि धेरै हदसम्म समस्या समाधान हुन्छ,' लम्सालले भने, 'सहकारीका समस्या समाधान हुँदै गर्दा लघुवित्तको पनि हुन्छ । घर जग्गामा माइक्रोफाइनान्सको लगानी प्रत्यक्ष नभएपनि यसको कारोबार बढ्ने वित्तिकै समग्र आर्थिक गतिविधि बढ्न जाने भएकाले लघुवित्तलाई पनि फाइदा पुग्छ ।'

नेपाल राष्ट्र बैंकले खराब कर्जा निश्चित सीमाभित्र हुनुपर्ने भनी तोकेको छैन । तर संस्थाको सम्पत्ति गुणस्तर मापन खराब कर्जाबाटै हुन्छ । केन्द्रीय बैंकले वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीको निक्षेप लगानी गर्दा ८ प्रतिशत भन्दा धेरै खराब कर्जा हुन नहुने शर्त राखेको छ । लघसवित्तको हकमा त्यस्तो व्यवस्था पनि छैन ।

लघुवित्तको हकमा भाखा नाघेको वा ननाघेको कुनै पनि कर्जामा सुरक्षणको बजार मूल्यले कर्जा सुरक्षण हुन नसक्ने भएमा, ऋणी टाट पल्टेमा वा टाट पल्टेको घोषणा भएमा, ऋणी हराएमा वा गायव भएमा, परियोजना/व्यवसाय सञ्चालन हुने अवस्था नरहेमा, परियोजना वा व्यवसाय सञ्चालनमा नभएमा, ऋणी कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेको जानकारी भएको अवस्थामा, कर्जा दुरुपयोग भएमा र कार्यक्षेत्र बाहिर गरेको कर्जा लगानी गरे स्वत: खराब कर्जामा परिणत हुनेछ । साथै किस्ता रकम १ वर्षभन्दा बढी अवधिले भाखा नाघेको अवस्थामा सम्पूर्ण कर्जा रकमलाई नै खराब कर्जामा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने हुन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# विपिन र केकीको 'काजी' जेठ ८ मा आउने



काठमाडौं/अभिनेता विपिन कार्की र अभिनेत्री केकी अधिकारीको मुख्य भूमिका रहेको फिल्म 'काजी' आगामी जेठ ८ गतेबाट प्रदर्शनमा आउने भएको छ । आइतबार निर्माताले युट्युबमार्फत प्रिभ्यू टिजर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मितिबारे जानकारी गराएका हुन् । यसअघि गत चैत २७ गतेलाई फिल्मको प्रदर्शन मिति तय गरिएको थियो ।

१ मिनेट ४२ सेकेण्ड लामो टिजरमा फिल्मका मुख्य जोडी विपिन र केकीलाई देख्न सकिन्छ । विवाहको साँझमा उनीहरूबीचको प्रेमिल संवाद र दृश्यलाई समेटिएको टिजरले ग्रामीण परिवेशमा फिल्म आधारित रहेको स्पष्ट पार्छ । साथै, एक दम्पतीको सम्बन्धमा आउने उतारचढाव र सामाजिक विषयलाई फिल्ममा मुख्य कथानक बनाइएको संकेत पनि टिजरले दिन्छ ।

लक्ष्मण रिजालको निर्देशनमा बनेको यस फिल्ममा विपिन र केकीसहित गरिमा शर्मा, प्रकाश घिमिरे, हेमन्त बुढाथोकी, विशाल पहारी, विनोद न्यौपाने, रश्मी भट्ट, हिउँवाला गौतम, सन्दीप बाबु लोहनी, रोजी श्रेष्ठ, गंगा शर्मा, नवराज गिरी, बुद्धि सागर खनाल, प्रशंसा सुवेदी, कृतिका शर्मा, दीक्षिता अर्याल लगायतका कलाकारहरूको अभिनय रहेको छ ।

रामप्रसाद रिजालको प्रस्तुति रहेको फिल्ममा प्रदीप भारद्वाजको लेखन, चिन्तन राजभण्डारीको छायांकन, कालिप्रसाद बाँस्कोटाको संगीत, विपिन मल्लको सम्पादन, कविराज गहतराजको कोरियोग्राफी, सुजिल कर्माचार्यको पार्श्व संगीत तथा श्याम कुँवरको रंग संयोजन छ । फिल्मको कार्यकारी निर्मातामा असिम काफ्ले रहेका छन् भने निर्माताहरू नेहान रिजाल, विकाश राज जोशी हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# चेपाङ बाहुल्य क्षेत्रलाई छुट्टै गाउँपालिका बनाउन प्रस्ताव

साझाकुरा संवाददाता

हेटौँडा, ६ वैशाख/ नेपाल चेपाङ संघले चेपाङ बाहुल्य क्षेत्रलाई छुट्टै गाउँपालिका बनाउन प्रस्ताव गरेको छ । पहिचानका आधारमा नामकरण गर्नुपर्ने भन्दै तीन जिल्लाका केही वडालाई समायोजन गरेर छुट्टै गाउँपालिका बनाउन प्रस्ताव गरेको छ ।



गाउँपालिकाको नाम ‘भोरालाङ’ राख्न पनि संघको प्रस्ताव छ । ‘नमस्कार’लाई चेपाङ भाषामा ‘भोरालाङ’ भनिन्छ । फरक जिल्ला भएपनि चेपाङ जातिको बाहुल्य भएको क्षेत्रलाई समेटेर नयाँ पालिका गठन गर्दा आर्थिक, शैक्षिक एवम् भौगोलिक हिसाबले पिछडिएको चेपाङ समुदायलाई मूलधारमा ल्याउन ठूलो सहयोग पुग्ने चेपाङ संघले जनाएको छ ।

संविधानको धारा ६५ उपधारा ५ अनुसार छुट्टै पालिका गठन गर्न सम्भव रहेको संविधानसभा सदस्यसमेत रहेका चेपाङ संघका अध्यक्ष गोविन्दराम चेपाङले बताए । दाम्राङ, धिराङ, चौतारा, चरिमारा, गर्लिङजस्ता विशुद्ध चेपाङ जातिको मात्रै बसोवास रहेको राक्सिराङ गाउँपालिकाको वडा नं-७ लाई स्थानीय सरकारले एक वर्षअघि नै ‘भाषिक, सांस्कृतिक संरक्षित क्षेत्र’ घोषणा गरिसकेको बताउँदै उनले भने, ‘राक्सिराङ गाउँपालिकाको वडा नं-७ सँगै राप्ती नगरपालिकाको वडा नं-१३ र कालिका नगर पालिकाको वडा नं-११ विशुद्ध चेपाङ जातिको मात्रै बसोवास भएका वडा हुन् ।’

कालिका नगरपालिकाको वडा नं-१०, राप्ती नगरपालिकाको वडा नं-११ र १२, राक्सिराङ गाउँपालिकाको वडा नं-६ र धादिङको बेनीघाट रोराङ गाउँपालिकाको वडा नं.-१०, ९ र ८ पनि चेपाङ समुदायको अधिक बसोवास भएका वडा हुन् । यदि चेपाङ संघको चाहनाअनुसारकै पालिका गठन भयो भने धादिङ र मकवानपुरका केही वडा चितवनमा गाभिने सम्भावना देखिन्छ । किनभने सबैभन्दा धेरै बसोवास चितवन जिल्लामा छ ।

‘बसोवास र भूगोललाई हेर्दा चितवनमा सबैभन्दा बढी वडाहरु छन् । त्यसैले, हामीले उठाएको आवाज सरकारले सुन्यो भने चितवन जिल्लाको भूगोल अझ ठूलो हुने देखिन्छ’, उनी भन्छन् । चितवनको काउले (इच्छाकामनाको वडा नं (२), सिद्धि (कालिका नगर पालिकाको वडा नं (१० र ११), लोथर र कोराक (राप्ती नगर पालिकाको वडा नं. (१०, ११, १२ र १३) क्षेत्र चेपाङ जातिको सबैभन्दा धेरै बसोवास भएका क्षेत्र हुन् । तीन जिल्लाका यी क्षेत्रलाई गाभेर पालिका गठन गर्दा एउटा निर्वाचन क्षेत्र नै बन्ने चेपाङ संघका अध्यक्ष गोविन्दराम बताउँछन् । यसो गर्दा समग्र चेपाङ जातिको जनसंख्याको ९० प्रतिशत एउटै पालिकामा समेट्न सकिने उनको भनाइ छ ।

जनगणना २०७८ अनुसार चेपाङ जातिको कुल जनसंख्या ८४ हजार तीनसय ६४ छ । त्यसमध्ये करिब ६० प्रतिशतभन्दा बढी चेपाङ समुदाय यस क्षेत्रमा बसोवास गर्छन् ।

सरकारले राम्रो मौका दिएको भन्दै चेपाङ संघको केन्द्रीय समितिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र प्रधानमन्त्री एवम् रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहसँग भेटेर पनि प्रस्ताव राख्ने तयारी गरेको उनले बताए । ‘हरेक कोणबाट पिछडिएको चेपाङ जाति र चेपाङ बसोवास रहेको भूगोललाई अन्य समुदाय र भूगोलसँग मिसाइँदा सबैभन्दा दूरदराजमा रहेका चेपाङले राज्यको सुविधाबाट वञ्चित हुनु परेको कुरा अहिलेको सरकारले पक्कै पनि बुझ्छ कि भन्ने अपेक्षा छ’, उनी भन्छन्, ‘छुट्टै पालिका गठन गर्दा सबैलाई सुविधा दिन सकिन्छ ।’

संघको चाहनाअनुसार यसअघि मकवानपुरको ‘राक्सिराङ’ र धादिङको ‘बेनीघाट रोराङ’ गाउँपालिकाको नाममा चेपाङ पहिचान जोडिएको छ । भोरालाङ गाउँपालिका बनाउने विषयमा पनि चेपाङ संघले उतिबेलै आवाज उठाएको हो । तर, राजनीनिक सहमति जुट्न नसक्दा आफ्नो माग फेल खाएको संघका केन्द्रीय अध्यक्ष चेपाङ बताउँछन् ।

# राक्सिराङमा बढे मधुमेह र रक्तचापका बिरामी




साझाकुरा संवाददाता

हेटौँडा, ६ वैशाख/ मकवानपुरका दुर्गम र विकट गाउँमा दीर्घरोगी भेटिन थालेका छन् ।

पहाडी बस्तीका बासिन्दामा पनि मधुमेह र रक्तचापको समस्या पाइएको हो । राक्सिराङ गाउँपालिकामा मधुमेह र रक्तचापका बिरामी धेरै भेटिएको राक्सिराङ आधारभूत अस्पतालका चिकित्सक योगेन्द्रमेहर श्रेष्ठले बताए । उनका अनुसार पहाडी बासिन्दामा मोटोपनको समस्या नभए पनि यस्तो रोग भएका धेरै भेटिएका हुन् । गाउँका बासिन्दामा तयारी पेय पदार्थ धेरै पिउने बानी परेकाले पनि यस्ता रोग देखिएको हुनसक्ने उनले बताए ।

‘पानीको सट्टा यहाँका बासिन्दा तयारी पेय पदार्थ पिउँछन्’, उनले भने, ‘बोतलका पेयमा चिनीको मात्रा धेरै हुन्छ, जसले सुगर र प्रेसर बढाउने गरेको पाइएको छ ।’ उक्त आधारभूत अस्पतालमा स्वास्थ्य परीक्षण गर्न आउनेदेखि बस्तीमा आयोजना गरिने शिविरमा स्वास्थ्य परीक्षण गर्दा मधुमेह, रक्तचाप र हृदय दुख्ने रोगी धेरै फेला पर्ने गरेको राक्सिराङ गाउँपालिकाअन्तर्गत् स्वास्थ्य शाखा प्रमुख विजय कापरीले बताए ।

‘यहाँका मानिसले बोतलका गुलिया पेय पदार्थ पिउने गर्छन्’, उनले भने, ‘एउटा मान्छेले एकै पटकमा एउटा जम्बो बोतलको पेय पदार्थ रित्याउने गरेको देखेको छु । खाना, खाजासित पनि पेय पदार्थका बोतल लिएर बस्छन् ।’ गाउँपालिकाले जंकफुड, बोतलका पेय पदार्थको बिक्री वितरण र उपभोगमा रोक लगाउन खोजे पनि सफल नभएको गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले बताए ।

राक्सिराङ-५, ठाडोचुरीमा १० शैयाको अस्पताल छ अस्पतालमा दैनिक ३० देखि ४० जना स्वास्थ्य परीक्षण गराउन आउँछन् । उनीहरूमध्ये ७५ प्रतिशतमा मधुमेह, उच्च रक्तचाप र हाडजोर्नीको समस्या पाइने चिकित्सक श्रेष्ठले बताए ।


बोतलमा उपलब्ध हुने तयारी पेय पदार्थमा चिनीको मात्रा धेरै हुने भएकाले धेरै सेवन गर्दा मानिसको शरीरमा असर गर्न सक्ने खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयकी वरिष्ठ खाद्य अधिकृत विमला पोखरेलले बताइन् ।

# सरकारी कर्मचारीलाई १५ दिनमै तलब खुवाउने तयारी

काठमाडौं/सरकारले राष्ट्रसेवक कर्मचारीहरूलाई १५/१५ दिनमा तलबभत्ता उपलब्ध गराउने तयारी गरेको छ ।

अर्थ मन्त्रालयले गत शुक्रबार मन्त्रीस्तरीय निर्णय गरी महालेखा नियन्त्रक कार्यालयलाई आवश्यक व्यवस्था मिलाउन भनिसकेको छ ।

महालेखा नियन्त्रक शोभाकान्त पौडेल मन्त्रालयबाट परिपत्र आएको र अब उक्त निर्णय चाँडै कार्यान्वयन पनि हुने संचारकर्मीलाई बताए । ‘अर्थमन्त्रालयबाट परिपत्र आइसकेको छ । यो छिट्टै कार्यान्वयन हुन्छ,’ उनले भने । मन्त्रालयका अनुसार, समयमै कर्मचारीको हातमा पैसा जाओस् र अर्थतन्त्र चलायमान होस् भन्ने उद्देश्यले यो निर्णय भएको हो ।



निर्णय कार्यान्वयनका लागि ऐनमा संशोधन आवश्यक

हाल सरकारी कर्मचारीहरुले मासिक रुपमा तलबभत्ता पाउँदै आएका छन् । हरेक महिनाको अन्तिम सातामै सम्बन्धित कर्मचारीको बैंक खातामा तलबभत्ता पठाउने गरिन्छ ।

तर अब १५ दिनमै तलबभत्ता खुवाउने निर्णय कार्यान्वयन गर्न संघीय निजामती सेवा ऐनमा व्यवस्था गर्नुपर्ने हुन्छ । ‘साविकको ऐनमा निजामती कर्मचारीले प्रत्येक महिना भुक्तान भएपछि तलब र भत्ता पाउने भए भत्ता समेत पाउनेछ भन्ने व्यवस्था छ,’ अर्थ मन्त्रालयका एक अधिकारीले भने, ‘१५ दिनमा तलब/भत्ता खुवाउनुअघि त्यो व्यवस्था संशोधन गर्नुपर्छ ।’

वर्तमान सरकार संघीय निजामती सेवा ऐन जारी गर्ने तयारीमा छ । त्यसमै १५-१५ दिनमा तलबभत्ता खुवाउने व्यवस्था राख्ने तयारी छ । ‘संघीय निजामती सेवा ऐन पास भएपछि जतिबेला पनि निर्णय कार्यान्वयन गर्नुपर्ने हुनसक्छ । त्यसको लागि आवश्यक तयारी गरेर बस भनेको हो,’ अर्थ मन्त्रालय स्रोतले भन्यो ।

# भीमफेदीमा सामुदायिक वनसम्बन्धी सचेतना



साझाकुरा संवाददाता

हेटौँडा, ६ वैशाख/ भीमफेदी गाउँपालिकाको आयोजना र सामुदायिक वन उपभोक्ता महासंघ स्थानीय महासंघ भीमफेदीको समन्वयमा २ दिने सचेतना कार्यक्रम आईतवारदेखि भीमफेदीमा सुरु भएको छ ।

सामुदायिक वनका पदाधिकारी तथा सदस्यहरुलाई सामुदायिक वनको विभिन्न पक्षहरुको बारेमा जानकारी दिन कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा सामुदायिक वनले गर्नुपर्ने साधारणसभा, कार्यालय व्यवस्थापन, कानूनी पक्ष, लेखा ब्यवस्थापन, कर, बैठक सञ्चालनका विधि, संकलन सहमति लिँदा पूरा गर्नुपर्ने प्रक्रिया, दर्ता प्रक्रिया, वन्यजन्तुबाट हुने क्षति, डँढेलो नियन्त्रण लगायत विषयहरुमा सहभागीहरुलाई जानकारी गराउने उद्देश्य रहेको भीमफेदी गाउँपालिका वन तथा वातावरण शाखा प्रमुख रन्जित राज बानियाँले बताए ।

कार्यक्रममा सब डिभिजन वन कार्यालय, भीमफदीका रेन्जरद्वय लोकराज न्यौपाने र रञ्जन अर्याल, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका कोषाध्यक्ष बलराम अधिकारी, रानी सामुदायिक वनका कार्यालय सचिव भीमसेन पौडेल लगायतले सहजीकरण गर्ने कार्यक्रम छ ।

भीमफेदी गाउँपालिका वडा नं ६ का वडा अध्यक्ष सोमबहादुर लामाको अध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा भीमफेदी गाउँपालिकामा रहेका विभिन्न सामुदायिक वनका पदाधिकारी र उपभोक्तासमेत गरी २५ जनाको सहभागीता रहेको स्थानीय महासंघ भीमफेदीका अध्यक्ष मनोज थापाले बताए ।

**राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं**

*“अर्थतन्त्र मापनको लागि आर्थिक गणना”*

☞ आर्थिक गणना किन: देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्याङ्क प्राप्त गर्न,

☞ गणना अवधि: २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,

☞ कसलाई समेट्ने: सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू।

तथ्याङ्क ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ।

सत्य-तथ्य विवरण दिऔं,

राष्ट्र निर्माणमा योगदान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

शर्मिला राना ९८४१९९९४८७
कल्पना न्यौपाने ९७६७७६४४४७
उषा अधिकारी ९८४५१२५९०८

**स्वर्गद्वारी महिला पञ्चेबाजा समूह**


हेटौंडा-१, मकवानपुर



हाम्रो सेवा: विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह एवम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस् ।

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना